# अन्तर्राष्ट्रिय फौजदारी अदालतको अनुमोदन गर्न आग्रह

■ स्पेसटाइम संवाददाता

काठमाडौं, जेठ १। विश्वका मानवअधिकारवादीहरूले नेपालका प्रमुख सरकारी तथा राजनीतिक दलका पदाधिकारीहरूलाई भेटी नेपालले अन्तर्राष्ट्रिय फौजदारी अदालतका लागि तत्काल अनुमोदनसहित हस्ताक्षर गर्नुपर्ने माग राखेका छन्। देश आतंकवादी गतिविधिले ग्रसित भएका बेला प्रजातन्त्र र मानवअधिकारको जनाधिकार पक्षलाई सुरक्षित पार्न सरकारले फौजदारी अदालतका पक्षमा हस्ताक्षर गर्नुपर्नेमा उनीहरूले जोड दिएका छन्।

विश्वभर मानवअधिकारका विभिन्न मुद्दालाई अन्तर्राष्ट्रियस्तरबाट न्याय पाउने उद्देश्यले अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापना गर्न विश्वका ६६ राष्ट्रले अनुमोदन र एक सय ३७ राष्ट्रले हस्ताक्षर गरिसकेका छन्। अनौपचारिक क्षेत्र सेवाकेन्द्र (इन्सेक) द्वारा अन्तर्राष्ट्रिय फौजदारी अदालतको अनुमोदन गर्न नेपालले खेलेको भूमिकाबारे जानकारी दिने उद्देश्यले बुधबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा अदालतका लागि अन्तर्राष्ट्रिय समूहका सदस्य जोन लिले जतिसक्दो चाडो अदालतलाई अनुमोदन गरेमा नेपाललाई आतंकवाद निर्मूल गर्नका लागि वैदेशिक सहायता पाउन सजिलो हुने बताउनुभयो।

उहाँले अन्तर्राष्ट्रिय फौजदारी अदालत र अन्तर्राष्ट्रिय न्यायालय एक अर्कामा पूरक भएको अवस्थामा यिनीहरूलाई परस्पर विरोधीरूपमा हेर्नुनहुने धारणा व्यक्त गर्नुभयो। बंगलादेशी नागरिक डा.अहमेद जायुद्दिनले दक्षिण एसियाली राष्ट्रहरू कसैले पनि अनुमोदन नगरेको अवस्थामा नेपालले तत्काल अनुमोदन गरेमा दक्षिण एसियाली क्षेत्रबाट न्यायाधीश मनोनयन गर्न पाउने प्रबल सम्भावना रहेको बताउनुभयो।

'नेपाललाई फौजदारी अदालतमा अनुमोदन गराउन आएका सम्पूर्ण मानवअधिकारवादीहरूले विभिन्न दलका पदाधिकारीहरूलाई भेट्दा उनीहरूबाट सकारात्मक प्रतिक्रिया पाएका छौं। आगामी जुलाईको दोश्रो सातादेखि विश्वभर लागू हुने फौजदारीसम्बन्धी कानुनको अनुमोदन नेपालले जुलाईको पहिलो साताभित्र गरिसक्ने आश लिएका छौं', क्यानाडेली नागरिक डेभिड मेट्सले भन्नुभयो। कार्यक्रममा इन्सेकका महासचिव सुबोधराज प्याकुरेलले आफूहरूले बेलाबेलामा प्रधानमन्त्रीलाई फौजदारी अदालतलाई नेपालले तत्काल अनुमोदन गर्नुपर्नेमा जोड दिंदा पनि बेवास्ता गर्नुभएको आरोप लगाउनुभएको थियो।